मध्यनेपाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार,लमजुङ

गण्डकी प्रदेश,नेपाल

पत्र संख्याः-२०८१/८२
चलानी नंः- शिक्षा १३

फोन नं: ०६६-४१०१५२
मिति- २०८१।०४।३१

अनुसूचि -१

( दफा ९ को उपदफा १ सँग सम्बन्धित सूचना )

विषय - रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।

श्री यो जो जससँग सम्बन्धित छ ।

लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका वडा -३ श्री मंगला माध्यमिक विद्यालय ,सोतिपसलमा रिक्त रहेको माध्यमिक तहको अंग्रेजी विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनि विद्यालयको च.न. १६ मिति २०८१।०४।३१ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिम ढाँचामा स्थानीय तह र शिक्षा वकास तथा समन्वय ईकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन सरुवा निर्देशिका २०८१को दफा ९ बमोजिमको सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च -

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना school.mangala123@gmail.com मार्फत निवेदन दिन सकिने छ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय ईकाइ लमजुङ ।

श्री मंगला माध्यमिक विद्यालय मध्यनेपाल -३ लमजुङ ।

श्री सूचना प्रविधि शाखा ,नगरपालिकाको वेवसाइटमा प्रकाशित गरिदिनुहुन अनुरोध छ ।

२०८१-०४-३१

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

Website: http://madhyanepalmun.gov.np E-mail id: madhyanepalmun@gmail.com

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प स : २०८०/८१
च. नं. शिक्षा

फोन नं: ०६६-४१००५२

मिति -२०८१।०४।२९

## विषयविज्ञ सूचि(रोस्टर) को लागि आवेदन माग गरिएको सूचना

यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा रिक्त रहने शिक्षक पदमा करार नियुक्ति गर्न मध्यनेपाल शिक्षा ऐनको दफा २४ को( १ ग ) बमोजिम सदस्य प्रयोजनको लागि विषयविज्ञ सूचि (रोस्टर) तयार गरि अद्यावधिक गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता तथा अनुभव समेत पूरा गरेका यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत इच्छुक स्थायी शिक्षकहरुबाट दरखास्त आह्वान गरिएको छ। तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालयको शिक्षा ,यूवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि सूचना प्रकाशित गरिएको छ।

१. माध्यमिक तहको लागि शिक्षाशास्त्र संकायको सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी ,३ वर्ष माध्यमिक तहमा स्थायी सेवा पूरा गरेको माध्यमिक शिक्षक वा सम्बन्धित विषयमा स्नातक गरी १ वर्षे बिएड उत्तिर्ण गरी ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको माध्यमिक तहका स्थायी शिक्षक।
२. निम्न माध्यमिक तहको लागि शिक्षाशास्त्र संकायको सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ३ वर्ष निम्न माध्यमिक तहमा स्थायी सेवा पूरा गरेको निम्न माध्यमिक तहका स्थायी शिक्षक ।
३. प्राथमिक तहको लागि शिक्षाशास्त्र संकायमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्ष प्राथमिक तहमा स्थायी सेवा पूरा गरेको प्राथमिक तहका स्थायी शिक्षक ।

**निवेदन साथ संलग्न राख्नु पर्ने कागजातहरु**

१. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
२. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि
३. शिक्षक सेवा आयोग द्धारा प्रकाशित पछिल्लो पाठ्यक्रम बमोजिम सम्बन्धित तह र विषयको नमूना प्रश्नपत्र र उत्तरकुन्जिकाको ईलोक्ट्रोनिक दुई प्रति edu@madhyanepalmun.gov.np पठाउनुपर्नेछ।
४. माध्यमिक तहको लागि रु १०००, निम्न माध्यमिक र प्राथमिक लागि रु ५०० राजस्व तिरेको रसिद सहित निवेदन ।
५. २०७७ पौष ९ मा देखि कायम रहेका विज्ञहरु समेतले यसै सूचना बमोजिम विवरण पेश गर्नुपर्ने छ।

2081-04-29

नि.प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner